चेलापन पाठ ४०

१	**प्रार्थना**

समूहको अगुवा - परमेश्वरको उपस्थितिप्रति सचेत हुन र उहाँको आवाज सुन्न उहाँको आत्माद्वारा परमेश्वरको अगुवाइ माग्नको लागि प्रार्थना गर्नुहोस्। चेलालाहरू बनाउने बारेको यो पाठलाई प्रभुमा समर्पण गर्नुहोस्।

२	**सिकेको कुरा बाँड्नु** (२० मिनेट) **[शान्त समय]** **१ शमूएल ९,१९,१२,१४**

तपाईंलाई तोकिएको बाइबल खण्ड (१ शमूएल ९,१९,१२,१४) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा सिक्नुभएको कुराहरूमध्ये एउटा कुरा पालैपालो छोटकरी बाँड्नुहोस् (अथवा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा लेख्नुभएको नोटबुकबाट पढ्नुहोस्)। सिकेको कुरा बाँड्ने व्यक्तिले बोलेको सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस् तर उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

३	**बाइबल पद कण्ठ** (२० मिनेट) **[चेलापन]** **इन्कार - लूका ९:२३**

क. मनन

लूका ९:२२-२७ पढ्नुहोस्। "अनि उहाँले भन्नुभयो, "मानिसको पुत्रले धेरै दु:ख उठाउनुपर्छ, र उनी धर्म-गुरुहरू, मुख्य पूजाहारीहरू र शास्त्रीहरूबाट बहिष्कृत हुनेछ, मारिनेछ र तेस्रो दिनमा मृतकबाट जीवित भई उठ्नेछ।" तब उहाँले सबैलाई भन्नुभयो, "कोही मपछि आउने इच्छा गर्छ भने त्यसले आफूलाई इन्कार गरोस्, र दिनहुँ आफ्नो क्रूस बोकेर मेरो पछि लागोस्। किनकि जसले आफ्नो प्राण बचाउने इच्छा गर्छ, त्यसले त्यो गुमाउनेछ। तर जसले मेरो खातिर आफ्नो प्राण गुमाउँछ, त्यसले त्यो बचाउनेछ। किनकि सारा जगत् प्राप्त गरेर आफैलाई चाहिँ नाश पार्छ वा गुमाउँछ भने मानिसलाई के लाभ हुन्छ र? तर कोही मदेखि र मेरा वचनदेखि शर्माउँछ भने मानिसको पुत्र पनि आफ्नो महिमामा, र पिताको र पवित्र दूतगणको महिमामा आउँदा त्यससँग शर्माउनेछ। तर साँच्चै म तिमीहरूलाई भन्दछु, यहाँ उभिनेहरू कोही-कोही छन्, जसले परमेश्वरको राज्य देख्न अघि मृत्यु चाख्नेछैनन्।"

(२)

कण्ठ गर्नुपर्ने बाइबल पदलाई सेतोपाटी अथवा कालोपाटीमा यसरी लेख्नुहोस्:

इन्कार लूका ९:२३
कोही मपछि आउने इच्छा गर्छ भने त्यसले आफूलाई इन्कार गरोस्, र दिनहुँ आफ्नो क्रूस बोकेर मेरो पछि लागोस्। लूका ९:२३

यो बाइबल पदलाई तपाईंको कार्डको छाडिपट्टि लेख्नुहोस्।

१. चेलाहरूको प्रभुले दु:ख भोग्नैपर्छ, मर्नैपर्छ र बौरी उठ्नैपर्छ।

येशूले पहिलोपटक आफ्नो दु:ख-कष्ट, मृत्यु र पुनरुत्थानको बारेमा स्पष्टसँग घोषणा गर्नुभयो। येशूको समयको धेरै यहूदीहरूले यस्तो अपेक्षा गरेका थिए, कि मसिह र मुक्तिदाता जिउनुभएर तिनीहरूका सत्रुहरूमाथि (रोमीहरूमाथि) विजयी हुनुहुनेछ। त्यसकारण, येशूको उक्ता घोषणा चेलाहरूका निम्ति अति अचम्म पार्ने सन्देश थियो।

तर उहाँको मृत्यु पुरानो करारका अगमवक्ताहरूले पहिले नै घोषणा गरिसकेका थिए। येशू ख्रीष्ट पृथ्वीमा आउनुभएर मर्नुहुने घटना पुरानो करारको बलिदानहरू ढाँचा थियो। "म असल गोठालो हुँ। असल गोठालोले आफ्नो जीवन भेडाहरूको लागि

अर्पण गरिदिन्छ" (यूहन्ना १०:११)। येशू जुनक कामको निम्ति आउनुभएको थियो, त्यो उहाँले गर्नैपर्थ्यो। उहाँको मृत्यु हुनैपर्ने पवित्र घटना थियो (लूका २४:४४; प्रेरित ४:१२)। मानिसको पाप विरुद्ध परमेश्वरको धार्मिक रिस शान्त (सन्तुष्ट) पार्न र हाम्रा पापहरूको दण्डको मूल्य चुकाउनको निम्ति एकमात्र उपाय त्यही थियो।

यो कुरालाई ठिकसँग ध्यान दिनुहोस्, कि इस्राएलको धार्मिक स्वार्थहरूको प्रतिरक्षा गर्नुपर्ने मानिसहरूले नै तिनीहरूका मुक्तिदातालाई क्रूसमा चढाए। इस्राएलको मुख्य अगुवाहरू (एल्डरहरू) सानहेड्रिनको सदस्यहरू थिए र तिनीहरू यरूशलेमको उच्च कुल-घरानाका विशेष अधिकार प्राप्त मानिसहरू थिए। मुख्य पूजाहारीहरू प्रधान पूजाहारीको परिवारका सदस्यहरू हुन्थे र प्रधान पूजाहारी त्यही परिवारको व्यक्ति हुन्थ्यो। व्यवस्थाका शिक्षाहरूचाहिँ पुरानो करारको तालिम पाएका अभिषिक्त ईश्वरशास्त्रीहरू थिए। तिनीहरूको काम भनेको पुरानो करार (तोराह) अध्ययन गर्नु, अनुवाद गर्नु, प्रसारण गर्नु, नकल गर्नु र शिक्षा दिनु थियो।

२. प्रभुको चेलाले आफूलाई इन्कार गर्नैपर्छ (लूका ९:२३)।

येशूको पछि लाग्नु - 'पछि लाग्नु' भन्ने शब्दले येशू ख्रीष्टको चेला हुनको निम्ति उहाँसँगै टाँसिनुपर्छ भनी बुझाउँछ। सयौँ मानिसहरू येशूको पछि लागेका थिए। तिनीहरूले उहाँको शिक्षाहरू सुन्दै र उहाँले गर्नुभएका आश्चर्यकर्महरू हेर्दै उहाँलाई पछ्याए। तर साँचो चेला हुनको निम्ति उहाँले के कुरामा ध्यान दिनुभहुन्छ भनी येशूले यहाँ स्पष्ट पार्नुहुन्छ।

आफूलाई इन्कार गर्नु - साँचो चेलाले सबैभन्दा पहिला आफूलाई इन्कार गर्नुपर्छ। पत्रुसले येशूलाई इन्कार गर्दा, उसले भन्यो, "म यो व्यक्तिलाई जान्दिनँ।" त्यहाँ 'इन्कार गर्नु' भनेको येशूलाई जान्न नखोज्नु र म येशूको होइन भनी निर्णय गर्नु हो। यहाँ 'इन्कार गर्नु' भनेको सधैँको निम्ति एकपटक आफ्नो पुरानो जीवनलाई 'होइन' भन्नु हो, जुन जीवन परमेश्वरको अनुग्रहबाट टाढा हुन्छ, जुन जीवनले नयाँ जन्म पाएको छैन र त्यो आफैमा केन्द्रित हुन्छ। तपाईंले आफूलाई इन्कार गर्नुहुँदा तपाईंले स्वभाविकरूपमा भरपर्ने सबै कुरालाई त्याग्नुहुन्छ। तपाईंले आफ्नै बुद्धि, शक्ति, क्षमताहरू, सम्पत्तिहरू र ओहोदामाथि भर पर्न छोड्नुहुन्छ। त्यसको सट्टमा आफ्नो मुक्ति र जीवनको लागि केवल परमेश्वरमा भर पर्नुहुन्छ। तसर्थ 'इन्कार गर्नु' भनेको मुक्ति र साँचो जीवनको लागि जे कुरामा तपाईं भर पर्नुहुन्छ, निर्भह हुनुहुन्छ, भरोसा गर्नुहुन्छ, ढल्किनुहुन्छ, टाँसिनुहुन्छ- यी सबैलाई त्याग्नुपर्छ। उदाहरण: येशूले व्यवस्थाका शिक्षहरू र फरिसीहरूलाई व्यवस्था[1] पालन गर्न छोडिदेऊ भनी आज्ञा गर्नुहुन्छ। इन्कार गर्नु भनेको 'पापपूर्ण' हरेक थोकबाट फर्किनु हो, जसले परमेश्वरबाट स्वतन्त्र भएको देखाउँछ अथवा यसले परमेश्वरको विरुद्धमा विद्रोह गर्नु भनी बुझाउँछ। २ कोरिन्थी ८:९, मत्ती ४:१९-२२, मत्ती ९:९ र फिलिप्पी ३:७-८ मा उल्लेखित इन्कार गर्नुको उदाहरणहरू हेर्नुहोस्।

३. प्रभुको चेलाले दिनहुँ आफ्नो क्रूस बोक्नुपर्छ (लूका ९:२३)।

'आफ्नो क्रूस बोक्नु' भन्नाले दोषी मानिसलाई जबरजस्ती उसको क्रूस बोकाएर मृत्युदण्ड दिने ठाउँसम्म लैजाने कुराको चित्रण गर्दछ। तैपनि, यहाँ त्यसको अर्थ फरक छ। दोषीलाई त्यो काम जबरजस्ती गर्न लगाइन्छ भने येशू ख्रीष्टको चेलाले चाहिँ स्वेच्छाले त्यो काम गर्छ! येशू ख्रीष्टप्रतिको वफादारी र ख्रीष्टको खातिर उसले संसारमा आफ्नै स्वेच्छाले अत्याचार, तिरस्कार, शर्म र दु:ख-कष्टलाई स्वीकार गर्छ। हरेक चेलाले फरक किसिमको क्रूस बोक्नुपर्नेछ।

बाइबलमा उल्लेखित क्रूसको उदाहरणहरू:

- प्रेरित ५ अध्यायमा, प्रेरितहरू पक्राउ परे, तिनीहरूलाई झ्यालखानमा हालियो र कोर्रा लगाइयो किनभने तिनीहरूले मानिसहरूलाई सुसमाचार प्रचार गरेका थिए। तिनीहरूको लागि क्रूस भनेको शारीरिक यातना र कैद थियो।
- प्रेरित ७ अध्यायमा, स्तफनसलाई ढुङ्गाले हिर्काएर मारियो, किनभने उसका पुर्खाहरू हठी र तिनीहरू हृदय र कानहरू कठोर भएका मानिसहरू थिए, जसले सधैँ पवित्र आत्माको विरोध गरे अनि धोका दिएर आफ्नै मसिहको हत्या गरे भन्ने कुरा सबैको सामु प्रकट गरिदिएका थिए।
- २ कोरिन्थी ११:२३-२८ मा पावले आफ्नो क्रूसको संक्षिप्त विवरण यसरी दिएका छन्: " कैदमा अझ धेरै पल्ट परेँ। अनगिन्ती कोर्रा खाएँ। मृत्युको मुखमा बारम्बार परेँ। पाँच पल्ट मैले यहूदीहरूका हातबाट एक कम चालीस गरी कोर्रा खाएँ। तीन पल्ट मलाई लौराले पिटे। एक पल्ट ढुङ्गाले हाने। तीन पल्ट म चढ़ेको जहाज ध्वस्त भयो। एक दिन एक रात मैले समुद्रमा नै बिताएको छु। मेरो बारम्बारको यात्रामा म नदीहरूका जोखिममा परेँ, डाँकूहरूका जोखिममा, आफ्नै जातिका मानिसहरूका जोखिममा, अन्यजातिहरूका जोखिममा, सहरको जोखिममा, उजाड-स्थानको जोखिममा,

[1] व्यवस्था, तोराह, शारीया

समुद्रको जोखिममा, झूटा भाइहरूबाट आउने जोखिममा। परिश्रममा र कष्टमा, कति-कति अनिदो रातमा, भोक र प्यासमा, बारम्बार उपवासमा, ठन्डी र नग्नतामा परें। अनि अरू कुराहरूबाहेक सबै मण्डलीहरूका फिक्रीको बोझ ममाथि छ।" उसको क्रूस भनेको खतरा र कठिनाइहरूले भरिएको कडा काम हो।

- प्रकाश १:९ मा प्रेरित यूहन्नालाई पत्मोस टापुमा निर्वासनमा राखिएको थियो भनी हामी पढ्छौँ, किनभने तिनले परमेश्वरको वचनको प्रचार, शिक्षा अनि येशू ख्रीष्टमा आफ्नो गवाही दिएका थिए। तिनको क्रूस भनेको निर्वासन थियो।

हरेक चेलाले दिनहुँ आफ्नो क्रूस बोक्नुपर्छ।

४. प्रभुको चेलाले येशू ख्रीष्टलाई पछ्याउनैपर्छ (लूका ९:२३)।

चेलाले येशूलाई पछ्याउन सुरु मात्र गर्दैन, तर ऊ येशूको पछि लागिरहन्छ । 'पछ्याउनु'को अर्थ यस्तो छ:

- बाइबलमा पछ्याउनु भनेको येशूमा विश्वास गर्नु हो। यूहन्ना ६:६६-६९ मा हामी पढ्छौँ, कि धेरै जनाले येशूलाई त्यागेर गए तापनि चेलाहरूले उहाँ परमेश्वरबाट आउनुभएको पवित्र जन भनी विश्वास गरेका हुनाले तिनीहरूले उहाँले छोडर गएनन् र उहाँलाई पछ्याउन पनि छोडेनन्।
- पछ्याउनु भनेको येशूको पाइलाहरूमा हिँड्नु हो। १ पत्रुस २:२१ हामी पढ्छौँ, "किनकि यसैको निम्ति तिमीहरू बोलाइएका हौ। ख्रीष्टले पनि तिमीहरूका निम्ति कष्ट भोग्नुभयो, अनि तिमीहरूका लागि एउटा उदाहरण छोडिजानुभयो, र तिमीहरू उहाँकै पाइलामा हिँड्नुपर्छ।"
- पछ्याउनु भनेको येशूप्रति आज्ञाकारी हुनु हो।
- पछ्याउनु भनेको येशूको सेवा गर्नु हो। यूहन्ना १२:२६ मा हामी पढ्छौँ, "कसैले मेरो सेवा गर्छ भने त्यसले मलाई पछ्याओस् र म जहाँ छु, मेरो सेवक पनि त्यहाँ हुनेछ। कसैले मेरो सेवा गर्छ भने पिताले त्यसको कदर गर्नुहुनेछ।"

यो पदअनुसार आफ्नो चेलाले उसको जीवनको हरेक दिन यो काम गरेको येशू ख्रीष्टले अपेक्षा गर्नुहुन्छ। आफूलाई इन्कार गर्नु, आफ्नो क्रूस बोक्नु र येशू ख्रीष्टलाई पछ्याउनु भनेको साँचो जीवन परिवर्तन र शुद्धिकरणको निरन्तरतालाई अभिव्यक्त गर्ने अर्को तरिका हो। त्यसको साथै यी एकसाथ हुने परमेश्वरको वरदान र मानिसको जिम्मेवारी हो।

५. प्रभुको चेलाले येशूको ख्रीष्टको लागि आफ्नो जीवन गुमाउनैपर्छ (लूका ९:२४-२५)।

लूका ९:२४-२५ ले भन्दछ, "किनकि जसले आफ्नो प्राण बचाउने इच्छा गर्छ, त्यसले त्यो गुमाउनेछ। तर जसले मेरो खातिर आफ्नो प्राण गुमाउँछ, त्यसले त्यो बचाउनेछ। किनकि सारा जगत् प्राप्त गरेर आफैलाई चाहिँ नाश पार्छ वा गुमाउँछ भने मानिसलाई के लाभ हुन्छ र?"

ग्रीक भाषाको 'सुके' (psuche) शब्दलाई 'प्राण', 'आफू' र 'जीवन' भनेर अनुवाद गर्न सकिन्छ।

"आफ्नो जीवन गुमाउनु"मा "प्राण" शब्द - २४ पदको पहिलो खण्डमा उल्लेखित "प्राण" भन्ने शब्दले परमेश्वरको अनुग्रहबाट अलग रहेको व्यक्तिको अभौतिक (अमूर्त) अथवा अदृश्य प्राणलाई बुझाउँछ, जसको मतलब उसले नयाँ जन्म पाएको हुँदैन अथवा उसको पुनर्जन्म भएको हुँदैन। यदि कुनै व्यक्तिले आफ्नो 'प्राण, आफू अथवा जीवन'लाई (मानिसको महत्वपूर्ण भागलाई) बचाउन चाहन्छ भने, जसको मतलब उसले जीवन जिउनको लागि यदि पापमय जीवन, आफ्नो धन-सम्पत्तिहरू, सुख-सुविधाहरू, प्रतिष्ठा, ओहोदा, ख्याति र अभिलाषाहरूमा टाँसिरहन्छ भने उसले आफ्नो पुनर्जीवित नभएको जीवन गुमाउनेछ! उसको निम्ति (उसको प्राण, उसको जीवनको निम्ति) परमेश्वरसँग जे उद्देश्य थियो, त्यो अति साँघुरो हुँदैजान्छ र अन्तमा त्यो नरकमा नास हुनेछ।

उदाहरणको लागि लूका १२:१६-२१ मा धनी जवान मानिसले आफ्नो प्राणलाई भनेको कुरा हेर्न सकिन्छ: "मेरो अन्न राख्ने ठाउँ मसित छैन, अब म के गरूँ?, तब त्यसले भन्यो, 'म यसो गर्नेछु- आफ्ना ढुकुटीहरू भत्काएर झन् ठूला-ठूला बनाउनेछु, र मेरा सबै अनाज र मालसामान त्यहीँ राख्नेछु। अनि म आफ्नो प्राणलाई भन्नेछु, "ए प्राण, धेरै वर्षसम्म पुग्ने प्रशस्त सम्पत्ति तेरो निम्ति थुप्रिएको छ। सुख-चैनमा बस्। खा, पि, र मोज गर्"।' "तर परमेश्वरले त्यसलाई भन्नुभयो, 'ए मूर्ख, आज राती नै तेरो प्राण तँबाट लिइनेछ, र जे कुराहरू तैंले आफ्नो निम्ति थुपारेको छस्, ती कसको हुने,? "आफ्नो निम्ति धन-सम्पत्ति थुपार्ने, तर परमेश्वरको दृष्टिमा धनी नहुने मान्छेको अवस्था यस्तै हुन्छ।"

"आफ्नो जीवन बचाउनु"मा "प्राण" शब्द - २४ पदको दोस्रो भागमा उल्लेखित "प्राण" शब्दले परमेश्वरको अनुग्रहद्वारा नयाँ जन्म पाएको व्यक्तिको अभौतिक (अमूर्त) अथवा अदृश्य आन्तरिक मनुष्यत्वलाई व्याख्या गर्दछ। उसले ख्रीष्टको निम्ति आफ्नो

प्राण (आफू अथवा आफ्नो मानवीय जीवन) गुमाउँदा उसले ख्रीष्टको निम्ति आफ्नो जीवन पूर्णरूपमा समर्पण गर्छ र यो संसारमा उसले ख्रीष्टको सेवा गर्दछ। त्यसो गर्दा उसले आफ्नो प्राण, आफू अथवा आफ्नो जीवनलाई बचाउनेछ। त्यसपछि उसको भित्री मनुष्यत्व र बाहिरी जीवनले अझ बढी शान्ति, निश्चयता, आनन्द र विशेषगरी उहाँसँगको सम्बन्धमा प्रेर र जिउनुको सही उद्देश्यलाई अनुभव गर्दैजानेछ। येशूले आफ्नो चेला हुन चाहने मानिसहरूलाई आफूतिर फर्केर स्वार्थी जीवन जिउनको लागि होइन, तर आफूभन्दा बाहिर निस्केर उहाँ अनि उहाँको राज्यको निम्ति जिउन आग्रह गरिरहनुभएको छ।

"तपाईंले आफ्नो जीवन गुमाउनु"को उदाहरणहरू:

- मत्ती १०:३७-३९ मा येशूले "आफ्नो प्राण (Greek: psuke) गुमाउनु" भन्ने शब्दहरूलाई तपाईंले आफ्नो आमा-बाबु र छोरा-छोरीहरूलाई भन्दा उहाँलाई बढी प्रेम गर्नुपर्छ भन्ने सन्दर्भमा प्रयोग गर्नुहुन्छ।
- मत्ती १६:२१-२५ मा येशूले "आफ्नो प्राण (Greek: psuke) गुमाउनु" भन्ने शब्दहरूलाई ख्रीष्टलाई चिनाएको र ख्रीष्टको वचन सिकाउएको खातिर सतावट भोग्नुपर्ने सन्दर्भमा प्रयोग गर्नुहुन्छ।
- यूहन्ना १२:२४-२६ मा येशूले "आफ्नो प्राण (Greek: psuke) गुमाउनु" भन्ने शब्दहरूलाई ख्रीष्टको निम्ति बलिदानपूर्ण सेवा गर्ने सन्दर्भमा प्रयोग गर्नुहुन्छ।
- लूका १७:३०-३३ मा येशूले "आफ्नो प्राण (Greek: psuke) गुमाउनु" भन्ने शब्दहरूलाई उहाँको दोस्रो आगमनमा उहाँसँगै जानको निम्ति तयार हुनुपर्छ भन्ने सन्दर्भमा प्रयोग गर्नुहुन्छ।

हाम्रो सबै सम्बन्धहरूमा, हाम्रो इसाई सेवाको सबै परिस्थितिहरूमा र हाम्रो भविष्यको सम्पूर्ण जीवनमा हामी येशू ख्रीष्टप्रति र उहाँको कामप्रति पूर्णरूपमा समर्पित हुनको निम्ति उहाँले हामीलाई घोषणा गर्नुहुन्छ। यद्यपि कुनै व्यक्तिले यो संसारमा प्रशस्त धन-सम्पत्ति, सुख-सुविधा र इज्जत-प्रतिष्ठा हासि गरे तपानि, उक्त काम गर्ने प्रक्रियामा परमेश्वरले दिनुहुने जीवनलाई उसले गुमाउँछ भने, अन्तमा उसले केही पनि प्राप्त गर्नेछैन, तर सबैथोक गुमाउनेछ!

६. प्रभुको चेलाले येशू ख्रीष्टसँगै आफ्नो परिचय दिनैपर्छ (लूका ९:२६)।

लूका ९:२६ ले भन्दछ, "तर कोही मदेखि र मेरा वचनदेखि शर्माउँछ भने मानिसको पुत्र पनि आफ्नो महिमामा, र पिताको र पवित्र दूतगणको महिमामा आउँदा त्यससँग शर्माउनेछ।" ख्रीष्ट र उहाँको वचनदेखि शर्माउनु भनेको तपाईं अति भयभित अथवा घमण्डी भएर उहाँसँग तपाईंको कुनै सम्बन्ध छैन अथवा संसारमा उहाँको केही उद्देश्य छैन भनी विचार गर्नु हो। ख्रीष्टलाई इन्कार गरेर अथवा विरोध गरेर आफ्नै निम्ति जीवन जिउनेहरू कदापि बचाइने छैनन्।

लूका १३:२४-२५ मा येशूले भन्नुहुन्छ, "साँघुरो ढोकाबाट पस्ने प्रयत्न गर, किनकि, म तिमीहरूलाई भन्दछु, धेरै जना पस्न खोज्नेछन्, तर सक्नेछैनन्। घरका मालिकले उठेर ढोका बन्द गरिसकेपछि, तिमीहरू बाहिर उभेर यसो भन्दै ढोका ढकढक्याउनेछौ, 'प्रभु, हाम्रा निम्ति ढोका खोलिदिनुहोस्', र उनले जवाफ दिएर भन्नेछन्, 'तिमीहरू कहाँबाट आएका हौ म चिन्दिनँ।'"

७. परमेश्वरको राज्य आइरहेको देख्नु (लूका ९:२७)।

लूका ९:२७ ले भन्दछ, "साँच्चै म तिमीहरूलाई भन्दछु, यहाँ उभिनेहरू कोही-कोही छन्, जसले परमेश्वरको राज्य देख्न अघि मृत्यु चाख्नेछैनन्।" येशूका केही चेलाहरूले परमेश्वरको राज्य 'शक्तिको साथमा' आएको देख्न कसरी सम्भव छ (मर्कूस ९:१)? लूका ९:२६-२७ एकसाथ हुने कुरा हो। यी खण्डहरूले पृथ्वीमा उहाँका कामको अन्त र सुरुवातलाई व्याख्या गर्दछ।

- २६ पदमा येशूले भन्नुहुन्छ, कि दोस्रो उहाँ आफ्नो महिमा र हजारौँ स्वर्गदूतहरूको साथमा बादलमा देखापर्नुहुँदा, उहाँको काम अन्त हुनेछ। त्यसपछि पृथ्वीमा जिएका सबै मानिसहरूले उहाँलाई जानेको छ कि छैन अनि तिनीहरूले उहाँलाई पछ्याएको छ कि छैन भन्ने आधारमा उहाँले सबै मानिसहरूको न्याय गर्नुहुनेछ।
- २७ पदमा येशूले भन्नुहुन्छ, कि उहाँको पुनरुत्थान, स्वर्गारोहण र स्वर्गको सिंहासनमा विराजमान अनि उहाँको पवित्र आत्मा खन्याइएको घटना र पहिलो शताब्दीमा सुसमाचार थुप्रै राष्ट्रहरूमा तीव्र गतिमा फैलिनु पृथ्वीमा उहाँको राज्यको सुरुवात हो। सयौँ मानिसहरूले उहाँको क्रूसको मृत्यु, पुनरुत्थान (१ कोरिन्थी १५:६) र पवित्र आत्मा खन्याइएको घटनाहरू आफ्नै आँखाले देखेको गवाही दिए। हजारौँ मानिसहरूले सुसमाचारको शक्ति र ख्रीष्टको शरीरमा तिनीहरूको बप्तिस्मा भएको कुरा व्यक्तिगतरूपमा गवाही दिए (प्रेरित २:४१-४२)।

ख. बाइबल पद कण्ठ र पुनरावलोकन

१. बाइबल पदलाई खाली कार्डमा अथवा तपाईंको नोटबुकको एउटा पानामा लेख्नुहोस्।
२. उक्त बाइबल पदलाई ठीक तरिकाले कण्ठ गर्नुहोस्। (२) इन्कार - लूका ९:२३
३. **पुनरावलोकन गर्नुहोस् -** दुई-दुई जनाको समूहमा विभाजन हुनुहोस् र भर्खरै कण्ठ गरेको बाइबल पद एक-अर्कामा जाँच्नुहोस्।

४	**बाइबल अध्ययन** (७० मिनेट)	**[संसारमा जिउनु]** **संसारमा हुने परीक्षाहरू - मत्ती ४:१-११**

मत्ती ४:१-११लाई सबै मिलेर अध्ययन गर्न बाइबल अध्ययनको पाँच चरणहरू भएको विधि प्रयोग गर्नुहोस्।

चरण: १ - पढ्नुहोस्। **परमेश्वरको वचन**

आउनुहोस्, हामी सबै मिलेर मत्ती ४:१-११ पढौँ।
हामी पालैपालो पूरै खण्डलाई एक-एक पद गरेर पढौँ।

चरण: २ - पत्ता लगाउनुहोस्। **अवलोकनहरू**

ध्यान दिनुहोस् - यो खण्डमा भएको कुन सत्यता तपाईंको निम्ति महत्वपूर्ण छ? अथवा यस खण्डमा भएको कुन सत्यताले तपाईंको समझ वा हृदयलाई स्पर्श गर्छ?
लेख्नुहोस् - यहाँ तपाईंले बुझ्नुभएको एक वा दुई सत्यताहरू पत्ता लगाउनुहोस्। ती कुराहरूका बारेमा विचार गर्नुहोस् र त्यसलाई आफ्नो नोटबुकमा लेख्नुहोस्।
बाँड्नुहोस् - (समूहका मानिसहरूले विचार गर्न र लेख्न करिब दुई मिनेट लगाएपछि, त्यसलाई पालैपालो बाँड्नुहोस्।
अब हामीले पत्ता लगाएका कुराहरू पालैपालो एक-आपसमा बाँडौँ।
(मानिसहरूले पत्ता लगाएर बाँडेका केही कुराहरू तल दिइएका छन्। हरेक सानो समूहमा मानिसहरूले बाँड्ने कुराहरू फरक-फरक हुन्छन् र ती कुराहरू सबैमा मिल्नै पर्छ भन्ने छैन भनी याद गर्नुहोस्।)

मत्ती ४:४

खोज १ - "यस्तो लेखिएको छ" भन्ने अभिव्यक्ति!

येशूले बाइबलबाट उद्धरण गर्नुहुँदा यो अभिव्यक्ति प्रयोग गर्नुभयो। यहाँ मत्तीको पुस्तकमा येशूले तीनपटक पुरानो करारको व्यवस्था ६ र ८ अध्यायबाट उद्धरण गर्नुभयो। बाइबलप्रति येशूको उच्च दृष्टिकोण थियो। उहाँले बाइबललाई जीवनको सत्यता र शिक्षाको लागि अन्तिम कसौटी र न्यायालयमा गरिने अन्तिम निवेदनझैँ ठान्नुभयो। उहाँले मानिसहरूलाई सिकाउन र तालिम दिन बाइबल प्रयोग गर्नुभयो। उहाँले मानिसहरूलाई प्रचार गर्न र चेताउनी दिन बाइबल प्रयोग गर्नुभयो। उहाँले मानिसहरूको प्रश्नहरूको उत्तर दिन बाइबल प्रयोग गर्नुभयो। र उहाँले दुष्टको परीक्षाहरूको विरुद्धमा लड्न बाइबल प्रयोग गर्नुभयो!

मत्ती ४:११
खोज २ - दुष्टले येशूलाई छोडेर गयो।

कहिलेकाहिँ दुष्टले इसाईहरूलाई परीक्षा गर्छ। यस घटनामा जस्तै गरी हामी इसाईहरूलाई पतन गर्न, असफल बनाउन र पराजित गर्न त्यो एकपछि अर्को परीक्षाहरूको श्रृंखला लिएर आउनसक्छ। तैपनि, इसाईहरू दुष्टका परीक्षाहरूमाथि विजयी हुन सक्छन् भनी येशूले प्रमाणित गर्नुहुन्छ। अर्को कुरा के हो भने हामीलाई कहिले नसकिने गरी परीक्षामा पारिरहन परमेश्वरले दुष्टलाई अनुमति दिनुहुन्न। परीक्षा विरुद्धको युद्धपछि दुष्टले छोडेर जानेछ। तर हामी इसाईहरू सधैँ सचेत र होसियार रहनैपर्छ, किनभने मौका पाउनेबित्तिकै पक्कै त्यो हामीलाई पतन गर्न फेरि फर्केर आउनेछ।

चरण: ३ - प्रश्न **व्याख्याहरू**

ध्यान दिनुहोस् - यस खण्डमा त्यस्तो कुन प्रश्न छ, जुन तपाईंले यस समूहमा सोध्न चाहनु हुन्छ?
मत्ती ४:१-११ मा भएका सबै सत्यताहरू बुझ्न कोसिस गरौँ र त्यहकाँ अझै नबुझेका कुराहरू छन् भने प्रश्न सोधौँ।
लेख्नुहोस् - आफ्नो प्रश्नलाई स्पष्ट ढाँचामा बनाउनुहोस्। अनि तपाईंको प्रश्नलाई नोटबुकमा लेख्नुहोस्।
बाँड्नुहोस् - (समूहको सदस्यहरूलाई विचार गर्न र लेख्न करिब दुई मिनेट दिएपछि, प्रत्येक व्यक्तिलाई पालैपालो उसको प्रश्नहरू सबैको सामु बाँड्न लगाउनुहोस्।)
छलफल गर्नुहोस् - (त्यसपछि, ती प्रश्नहरूमध्ये केही उपयोगी प्रश्नहरूको बारेमा समूहमा छलफल गर्दै उत्तरहरू पत्ता लगाउन कोसिस गर्नुहोस्।)
(उदाहरणको लागि, विद्यार्थीहरूले सोध्न सक्ने केही सम्भावित प्रश्नहरू र छलफलद्वारा निकालिएका टिप्पणीहरू तल दिइएको छ।)

मत्ती ४:१
प्रश्न १ - दुष्ट को हो?

टिप्पणी - दुष्ट पतन भएको स्वर्गदूत[2] हो। त्यसले परमेश्वर र परमेश्वरको मुक्तिको योजनाको विरोध गर्छ। भूतहरूको सैन्यदल र यो संसारको अविश्वासीहरूलाई नियन्त्रणमा राखी त्यसले सुसमाचारको प्रचारलाई वाधा दिन खोज्छ, मानिसहरूलाई पापमा पार्न प्रयत्न गर्छ (र परमेश्वरको आत्मालाई दु:खित तुल्याउन खोज्छ) अनि आफ्नो इच्छाअनुसार काम गराउन अविश्वासीहरूको समझलाई कब्जा गर्न खोज्छ (२ तिमोथी २:२६)। त्यो भयानक विरोधी हो र परमेश्वरको शक्तिमा मात्र इसाईहरूले त्यसको विरोध र सामना गर्न सक्छन् (एफिसी १:२१; १ पत्रुस ३:२२)। त्यसको रणनीति भनेको पहिले मानिसहरूलाई पापमा पार्नु हो। अनि तिनीहरू पापमा पतन भएपछि, त्यो तिनीहरूको विरुद्धमा खडा भइर परमेश्वरको सामु तिनीहरूलाई दोष लगाउँछ (प्रकाश १२:१०)। यी सबैभन्दा ठूलो कुराचाहिँ दुष्ट झूटो हो र त्यो सबै झूटको पिता हो (यूहन्ना ८:४४)। तसर्थ, झूट बोल्ने मानिसहरूले दुष्टको प्रभावको मुनि रहेर बोलिरहेको हुन्छ!

मत्ती ४:१
प्रश्न २ - परीक्षा के हो अनि कसले मानिसहरूलाई परीक्षातिर डोऱ्याउन (लैजान) सक्छ?

टिप्पणी - 'परीक्षा'[3] भनेको कुनै यस्तो लोभ-लालच र प्रलोभन हो, जसले हामीलाई पापमा पार्छ। 'पाप' भनेको कुनै यस्तो कुरा हो, जसले परमेश्वरको लक्ष्य गुमाउँछ। परीक्षाले सधैँ हाम्रो जीवनलाई पराजयतिर झार्दछ। हामी तलका कुराहरूद्वारा परीक्षामा पर्दछौँ:

आफ्नै पापमय स्वभावद्वारा मानिसहरू प्रलोभनमा पर्दछन्। याकूब १:१३-१५ हामी हामी पढ्छौँ, "परीक्षा हुँदा कसैले पनि यसो नभनोस्, "परमेश्वरद्वारा मेरो परीक्षा भएको हो।" किनकि कुनै खराब कुराबाट परमेश्वरको परीक्षा हुन सक्दैन, र उहाँ आफैले पनि कुनै मानिसको परीक्षा गर्नुहुन्न। तर हरेक मानिस आफ्नै खराब इच्छाद्वारा लोभिएर परीक्षामा पर्दछ। तब खराब इच्छाले गर्भधारण गरेपछि त्यसले पाप जन्माउँछ। अनि पाप पूरै बढ़ेपछि त्यसले मृत्यु ल्याउँछ।"

पापमय संसारद्वारा मानिसहरू प्रलोभनमा पर्दछन्। यो दुष्ट संसारमा थुप्रै किसिमका परीक्षाहरूका ढाँचाहरू छन्। १ यूहन्ना २:१५-१७ मा प्रेरित यूहन्ना भन्दछन्, कि हामीले हेर्ने कुराहरू, हाम्रो हृदयको चाहनाहरू र हामीले साँच्चै गर्ने कामद्वारा

[2] यशैया १४:१२-१५ र इजकिएल २८:१४-१५ बेबिलोन र टुरोसका राजाहरूको वर्णन हो, जसले शैतानको पतनलाई सङ्केत गर्छ।
[3] Greek: peirasmos - सन्दर्भ र परिस्थितिअनुसार यो शब्दले 'परीक्षा' अथवा 'जाँच' भन्ने अर्थ दिनसक्छ।

यस्ता परीक्षाहरूमा परिन्छ। पापमय संसारका मानिसहरूका आँखाले मनाही गरिएका कुराहरूको अभिलाषा गर्दछ। तिनीहरूका हृदयले पापमय कुराहरूको लालसा गर्दछ। त्यसपछि तिनीहरूको सम्पूर्ण शरीरले गर्ने काम गलत हुन्छ। तिनीहरूले पाप गरिसकेपछि आफूले गरेको गलत कामहरूप्रति सेखी गर्न थाल्छन्। आफूले गरेका गलत कुराहरूप्रति तिनीहरू घमण्ड गर्छन्। तिनीहरूले यौन अनैतिक क्रियाकलापप्रति घमण्ड गर्छन्। मानिसहरूलाई छल गर्दा तिनीहरूले घमण्ड गर्छन्। आफूभन्दा माथिको अधिकारको विरोध गर्दा तिनीहरू घमण्ड गर्छन्। मानिसहरूलाई मार्दा पनि तिनीहरू घमण्ड गर्छन्। यस किसिमको दुष्ट संसार र त्यसको दुष्ट अभिलाषाहरू पक्कै बितेर जानेछन् भनी प्रेरित यूहन्नाले चेताउनी दिन्छन्।

दुष्टद्वारा मानिसहरू प्रलोभनमा पर्दछन्। दुष्ट आफ्नो सिकारको वरिपरि गर्जदै हिँड्ने सिंहजस्तै छ (१ पत्रुस ४:८; एफिसी ६:१६)। मानिसहरूलाई पतनतिर लैजानु त्यसको चाहना हो।

मत्ती ४:२

प्रश्न ३ - येशूले चालीस दिन चालीस रात उपवास बस्नुभयो। के इसाईहरूले अहिले त्यसैगरी उपवास बस्नुपर्छ?

टिप्पणी -

मत्ती ६:५-१८ मा उल्लेखित उपवास - 'उपवास' पुरानो करारको औपचारिक व्यवस्थाको (रीतिरिवाजको) भाग थियो (लेवी १६:२९)। ख्रीष्टको पहिलो आगमनमा येशू ख्रीष्टले व्यवस्था पूरा गर्नुभयो (मत्ती ५:१७), अनि औपचारिक व्यवस्थालाई रद्द गर्नुभयो (कलस्सी २:१४) र खारेज गर्नुभयो (एफिसी २:१४-१५)। यसप्रकार उहाँले उपवासलाई पनि रद्द र खारेज गर्नुभयो (मर्कूस २:१८-२२)!

तर पहिलो शताब्दीको अन्तिम भागतिर सन्यासवाद (asceticism) मान्ने केही धार्मिक झुण्डहरूमा उपवास बस्ने चलन फेर्केर आयो; र यसले इसाई मण्डलीको केही भागहरूलाई प्रभावमा पाऱ्यो। तर मत्ती ६:१३ख जस्तै मत्ती १७:२१ मत्तीको मूल पाण्डुलिपिको भाग थिएन। येशू ख्रीष्टले इसाईहरूलाई प्रार्थना गर्न सिकाउनुभयो। उहाँले तिनीहरूलाई उपवास बस्नैपर्छ भन्नुहुन्न र उहाँले तिनीहरूलाई उपवास बस्न मनाही पनि गर्नुहुन्न। यदि इसाईहरू उपवास बस्न चाहन्छन् भने तिनीहरूले यो काम गुप्तमा गर्नुपर्छ (मत्ती ६:१६-१८)।

मत्ती ९:१४-१५ मा उल्लेखित उपवास - उपवासमा 'शोक गर्नु' र 'येशू ख्रीष्टको अनुपस्थिति' जस्ता कुराहरू पर्दछन्। मत्ती ९:१५ मा येशूले सिकाउनुभयो, "जबसम्म दुलहा जन्तीहरूसँग रहन्छन्, के तिनीहरू शोक मनाउँछन् र? तर ती दिन आउनेछन् जब दुलहा तिनीहरूबाट लगिनेछन्। तब तिनीहरू उपवास बस्नेछन्।" ख्रीष्ट दुलहा हुनुहुन्छ अनि इसाईहरूचाहिँ दुलही हुन्। यूहन्ना १६:१६-२२ मा दुलहा आफूबाट टाढा हुँदा मात्र इसाईहरूले 'अलि बेरको लागि' शोक गरी उपवास बस्छन् भनी ख्रीष्टले सिकाउनुहुन्छ। उक्त 'अलि बेर' भनेको यस्तो थियो:

- पहिलो, उहाँ तीन दिन चिहानमा हुनुहुने कुरा हो
- दोस्रो, उहाँको स्वर्गारोहण र पवित्र आत्मा खन्याइएको बीचको दश दिन

पवित्र आत्मा खन्याइएपछि तिनीहरूको आनन्द फर्किआउनेछ र तिनीहरूको त्यो आनन्द कसैले खोसेर लैजानेछैन! पवित्र आत्माद्वारा र उहाँमा येशू ख्रीष्ट इसाईहरूसँग युगको अन्त्यसम्मै रहनुहुन्छ (मत्ती २८:२०; यूहन्ना १४:१६-१७)!

मत्ती ९:१६-१७ मा उल्लेखित उपवास - उपवास पुरानो मशकमा पुरानो दाखमद्य खन्याउनुमा पर्दछ। त्यसको मतलब उपवास बस्नु भनेको पुरानो करारको रीतिरिवाजको औपचारिक व्यवस्थामा पर्दछ। यहाँ विषयवस्तु भनेको 'शोक गर्नु, नखानु र नपिउनु' हो अनि ढाँचा (रूप) भनेको 'उपवास बस्ने दिनहरू' हो (जकरिया ८:१९)। तर ख्रीष्टको पहिलो आगमनसँगै नयाँ विषयवस्तुहरू आए र त्यसको निम्ति नयाँ ढाँचा (रूप) खाँचो पऱ्यो। येशूले भन्नुहुन्छ, कि यदि मानिसहरूले नयाँ दाखमद्य पुरानो मशकहरूमा खन्यायो भने ती मशकहरू च्यातिनेछन् र नयाँ दाखमद्य र पुरानो मशक नष्ट हुनेछ। मानिसहरूले अझै तन्किन र फैलिन सक्ने मशकहरूमा नयाँ दाखमद्य खन्याउँछन् ताकि उक्त नयाँ विषयवस्तुहरू (सामग्रीहरू) र नयाँ ढाँचाहरू (रूपहरू) दुबै सुरक्षित रहन सक्छन्। नयाँ सामग्रीहरूको लागि नयाँ ढाँचा आवश्यक पर्छ!

पुरानो करारको समयमा इस्राएलका मानिसहरूले वर्षको एक दिन मात्र 'आफूलाई इन्कार' गर्नुपर्थ्यो, जसलाई प्रायश्चितको दिन भनिन्थ्यो (लेवी १६:२६-३२) (इ.पू. १४०७)। अगमवक्ता यशैयाले (इ.पू. ७४०-६८०) 'आफूलाई इन्कार गर्नु' भनेको के हो भनी स्पष्टसँग सिकाउँछन्। यसको मतलब 'खाने र पिउने कुराबाट अलग रहनु होइन' तर 'अन्याय र अत्याचार'बाट अलग रहनु हो!

त्यस किसिमको उपवास बस्नु (आफूलाई इन्कार गर्नु) भनेको अत्याचारमा परेकाहरूलाई स्वतन्त्र गर्न र हरेक जुवा तोड्नको निम्ति अन्यायको साङ्लाहरू खोल्नु र जुवाको डोरीहरू फुकाउन परमेश्वरले छान्नुभएको कुरा हो। यसको अर्थ भोकाएकाहरूसँग खाना बाँडचुँड गर्नु, गरिब र घरबार नभएकाहरूको निम्ति बस्ने ठाउँको प्रवन्ध गरिदिनु, नाङ्गालाई लुगा लगाइदिनु र आफ्नो मासु अनि रगतबाट (खाँचोमा परेका आफ्नो परिवारको सदस्यहरूबाट) मुख नफर्काउनु हो (यशैया ५८:६-७; १ तिमोथी ५:४,८)। यसको मतलब अरूलाई औल्याउने र खराब कुरा नगर्नु हो, भोका मानिसहरूको निम्ति खर्च गर्नु हो र अत्याचारमा परेकाहरूको खाँचोलाई पूरा गर्नु हो (यशैया ५८:९-१०)!

तैपनि, निर्वासनपछि लगत्तै (इ.पू. ५३८) 'आफूलाई इन्कार गर्नु' भनेको 'उपवास बस्नु' (खाने कुरा र पिउने कुराबाट अलग रहनु) हो भनी यहूदीहरूले अर्थ लगाए; र त्यसलाई पालना गर्नुपर्ने औपचारिक व्यवस्थाको भाग बनाए। निर्वासनपछि यहूदीहरूले चौथो, पाँचौँ, सातौँ र दशौँ महिनाहरूमा उपवास बस्न थाले (जकरिया ७:५-१०; ८:१९); अनि तिनीहरूले जानाजानी त्योभन्दा पहिले यशैया अगमवक्ताले 'आफूलाई इन्कार गर्नु' भन्ने बारेमा सिकाएको कुरालाई बेवास्ता गरे! येशूको समयका फरिसीहरूले हप्तामा दुईपटक उपवास बस्ने गर्थे (लूका १८:१२)!

'पुरानो दाखमद्य'ले शोक गर्ने कुरालाई बुझाउँछ, जुन निर्वासनको अवधिपछि यहूदीहरूका लागि महत्वपूर्ण विशेषता भएको थियो। 'पुरानो मशकहरू'ले यहूदीहरूको उपवास बस्ने पुरानो ढाँचाहरूलाई र उपवासको अभ्यासहरूलाई (भाङ्ग्रा र खरानी) प्रतिनिधित्व गर्दछ। 'नयाँ दाखमद्य'ले येशू ख्रीष्टले ल्याउनुभएको मुक्ति र आशिष्हरूलाई बुझाउँछ भने 'नयाँ मशकहरू'ले बचाइएका इसाईहरूले गर्ने आनन्दमय आराधनाको नयाँ ढाँचाहरूलाई बुझाउँछ (यूहन्ना ४:२३-२४; एफिसी ५:१८-२०)। येशूले यहाँ के भन्दैहुनुहुन्छ भने बचाइएका इसाईहरूको आनन्द र उपवास बस्ने यहूदीहरूको शोक एकसाथ रहन सक्दैन। नयाँ करारको अवधिमा बचाइएका इसाईहरूको आनन्दले पुरानो कुरारको समयमा यहूदीहरूको आनन्दरहित रीरिरिवाजहरूभन्दा परमेश्वरसँग सम्बन्ध राख्ने र उहाँको सेवा गर्ने अर्कै बाटोतिर डोऱ्याउँछ। उपवास बस्ने पुरानो तरिकाले आनन्दलाई अलग गर्थ्यो!

निर्वासनपछि नैतिक व्यवस्थाको अर्थलाई यहूदीहरूले वैधानिक ढाँचामा अनुवाद गरी अझै त्यसमाथि अरू सयौँ नयाँ व्यवस्थाहरू थपे। तर येशू ख्रीष्टको मृत्यु र पुनुरुत्थानले नैतिक व्यवस्थालाई पूरा गरी प्रस्थान १०:१-१७ लाई सुरुको मूल अर्थमा पुनर्स्थापित गरिदियो (मत्ती ५:१७-४८)। येशू ख्रीष्टको मृत्यु र पुनरुत्थानले औपचारिक व्यवस्थालाई 'आउनेवाला वास्तविकताको छाया'को रूपमा पूरा पनि गरिदियो (मत्ती ५:१७) र त्यसपछि रद्द गरिदियो (कलस्सी २:१७; हिब्रू ९:८-१०; १०:१-४) र त्यसलाई खारेज गरिदियो (एफिसी २:१४-१५)। पुरानो कुरारको समयमा यहूदीहरूको परम्परागत उपवास कहिल्यै माग गरिएको थिएन र नयाँ करारको इसाई मण्डलीमा यसलाई पक्कै माग गरिएको छैन! इसाईहरूले मन लागेको छ भने उपवास बस्न सक्छन्, तर अरू इसाईहरूको लागि तिनीहरूले त्यस गर्नुपर्ने माग गर्नुहुँदैन।

मत्ती १७:२१ मा उल्लेखित उपवास - मत्ती ६:१३ख र मर्कूस १६:९-२० झैँ मत्ती १७:२१ पनि पछि मात्र ग्रीक नयाँ करारमा गाभिएको थियो। मूल पुरानो ग्रीक पाण्डुलिपिमा ती शब्दहरू समावेश थिएन।

मत्ती ४:२-४

प्रश्न ४ - दुष्टले येशूलाई गरेको पहिलो परीक्षा के थियो?

टिप्पणी - चालीस दिन उपवास बसेपछि येशू निकै भोकाउनुभयो। उजाडस्थानका केही ढुङ्गाहरूलाई रोटीमा परिवर्तन गर्न दुष्टले येशूलाई चुनौति दियो। ढुङ्गाहरूलाई रोटीमा परिवर्तन गरेर येशूले आफ्नो शारीरिक खाँचो पूरा गर्न सक्नुहुन्थ्यो। पहिलो परीक्षामा दुष्टले येशूलाई आफैमा भरपर्न (परमेश्वरमा भरपर्ने होइन) प्रलोभनमा पार्न कोसिस गऱ्यो। परमेश्वरले उहाँको शारीरिक र भौतिक खाँचोहरूको वास्ता गर्नुहुन्छ भन्ने येशूको आत्मविश्वासलाई (भरोसालाई) दुष्टले नास पार्न कोसिस गऱ्यो। सबै कुराहरू आफ्नै हातमा लिने अनि परमेश्वरबाट स्वतन्त्र भई काम गर्नको निम्ति त्यसले येशूको परीक्षा गऱ्यो।

परमेश्वरको यो लिखित वचनमाथि भर परेर येशू उक्त परीक्षामा विजयी हुनुभयो: "मानिस भोजनले मात्र होइन, तर परमप्रभुको मुखबाट निस्केको प्रत्येक वचनले जिउँछ" (व्यवस्था ८:३)। यदि परमेश्वरले आफ्नो मुखको वचनले ब्रह्माण्डका ताराहरू र सम्पूर्ण पृथ्वी सृष्टि गर्न सक्नुहुन्छ भने उहाँले आफ्नो दिनिक खाँचोहरू पनि आफ्नो बोलिएको वचनद्वारा सजिलै जुटाउन सक्नुहुन्छ भन्ने कुरामा येशूले परमेश्वरमाथि भरोसा राख्नुभयो।

मत्ती ४:४

प्रश्न ५ - "परमेश्वरको मुखबाट निस्किआउने वचनहरू" भन्नाले के-के कुरालाई बुझाउँछ?

टिप्पणी - 'परमेश्वरको मुखबाट निस्किआउने वचन' भनेको परमेश्वरले बोल्नुभएको शक्तिशाली वचन हो, र यसैद्वारा उहाँले ब्रह्माण्ड सृष्टि गर्नुभयो (हिब्रू ११:३) र यसलाई अहिलेसम्म स्थिर राख्नुभएको छ (हिब्रू १:२-३)। आफूद्वारा बोलिएको वचनद्वारा उहाँले इस्राएलीहरूलाई मरुभूमिमा खानेकुरा (मन्न) सृष्टि गर्नुभयो र तिनीहरूको वास्ता गर्नुभयो। त्यसैगरी बोलिएको वचनद्वारा परमेश्वरले मरुभूमिमा येशूले चालीस दिन उपवास बस्नुभपपछि उहाँको वास्ताको निम्ति आवश्यक परिस्थितिहरू सृष्टि गर्नु भई त्यसलाई स्थिर पनि राख्नुहुन्थ्यो। जीवित रहनको निम्ति निश्चितरूपमा साधारण रोटीको आवश्यक्ता पर्छ भनी दुष्टले विश्वास गर्दा, रोटीले होइन, तर परमेश्वरद्वारा बोलिएको शक्तिशाली वचन नै पृथ्वीमा मानिसको जीवन र भलाइको निम्ति आवश्यक एक मात्र स्रोत हो भनी येशूले घोषणा गर्नुभयो।

मत्ती ४:५-६

प्रश्न ६ - दुष्टले येशूलाई गरेको दोस्रो परीक्षा के थियो?

टिप्पणी - येशूले परमेश्वरको लेखिएको वचन, भजन ९१:११-१२ मा उल्लेखित कुरामाथ विश्वास गरेको छु भनी प्रमाणित गर्न मन्दिरको टुप्पाबाट हामफाल्नुपर्छ भनी दुष्टले उहाँलाई चुनौति दियो, जहाँ परमेश्वरका दूतहरूले समातेर बचाउनेछन् भनी लेखिएको छ। दोस्रो परीक्षामा, दुष्टले येशूलाई परमेश्वर र परमेश्वरको लिखित वचनमाथि झूटा भरोसा गर्न प्रलोभनमा पार्ने कोसिस गऱ्यो। यहाँ त्यसले अलौकिक क्षेत्रमा परीक्षा गऱ्यो र त्यसले येशूलाई केही भव्यरूपको शानदार र सनसनीपूर्ण काम गर्न लगाएर परीक्षामा पार्ने कोसिस गऱ्यो, तर त्यसरी जानाजानी अग्लो भवनबाट हामफाल्नु भनेको मूर्खता हो! येशूले कुनै गलत कुरामा, जुन परमेश्वरले कहिल्यै प्रतिज्ञा गर्नुभएको थिएन, त्यसमा भरोसा र विश्वास गराउन दुष्टले प्रलोभन दिन चाहन्थ्यो! आफ्नो विश्वास दु:साहसपूर्ण अहंकारमा बदल्नको निम्ति दुष्टले येशूलाई प्रलोभनमा पार्न चाहन्थ्यो! परमेश्वरले आफ्नो वचन पूरा गर्नुहुन्छ, कि हुँदैन भनी येशूले उहाँको जाँच गर्नुपर्ने थियो। भजन ९१:११-१२ मा परमेश्वरले के प्रतिज्ञा गर्नुहुन्छ भने उहाँमाथि भरोसा राख्ने मानिसहरूको उहाँले वास्ता गर्नुहुनेछ भन्ने हो; तर दुष्टको सल्लाहमा चलेर मूर्ख कामहरूद्वारा उहाँको जाँच गर्ने मानिसहरूलाई परमेश्वरले बचाउनु हुन्छ भन्ने होइन!

परमेश्वरको वचनलाई सही तरिकाले उद्धरण गरेर येशूले उक्त परीक्षामाथि विजय प्राप्त गर्नुभयो: "तैंले आफ्नो परमप्रभु परमेश्वरको परीक्षा नगर्नू" (व्यवस्था ६:१६)!

परेमेश्वरमा झूटो भरोसा गर्ने परीक्षाहरूको उदाहणरहरू यी हुन्:

- यदि कुनै व्यक्तिले जानाजानी अस्वस्थकर जीवनशैली अपनाउँछ, र चङ्गाइको निम्ति परमेश्वरलाई अनुरोध गर्छ।
- यदि कुनै व्यक्तिले परमेश्वरसँग यसरी प्रार्थना गर्छ, "प्रभु, मेरा आँखाहरूलाई व्यर्थ कुराहरूबाट फर्काउनुहोस" (भजन ११९:३७), तर उसले अनैतिक, अश्लील अथवा हिंसात्मक चलचित्रहरू हेर्ने गर्दछ!

मत्ती ४:६

प्रश्न ७ - परमेश्वरको वचनलाई सन्दर्भभन्दा बाहिर लगेर बङ्ग्याउन नहुने कुरा किन महत्वपूर्ण छ?

टिप्पणी - भजन ९१:११-१२ मा परमेश्वरका जनहरूको लागि परमेश्वरका स्वर्गदूतहरूले गर्ने कामलाई भजनकारले देखाउँछन् (हिब्रू १:१४; उत्पत्ति २८:१२); जस्तै: स्वर्गदूतले विश्वासीलाई डोऱ्याउँछ (उत्पत्ति २४:७); स्वर्गदूतहरूले विश्वासीहरूलाई सुरक्षा दिन्छ (२ राजा ६:१६-१७; भजन ३४:७)।

तर शैतानले येशूलाई गलत बाटोमा लैजान भजन ९१:११-१२ उद्धरण गऱ्यो। त्यसले परमेश्वरको वचनलाई बङ्ग्याएर येशूलाई चुनौति दियो, कि उहाँलाई परमेश्वरको स्वर्गदूतहरूले माथिबाट हामफाल्दा बचाउनुहुन्छ कि हुँदैन भनी हेर्न परमेश्वरको जाँच गर्न उक्सायो! दुष्ट झूटो हो र त्यो सबै झूटको पिता हो भनी यूहन्ना ८:४४ ले भन्दछ। दुष्टले कहिल्यै सत्य बोल्दैन! यद्यपि सन्दर्भअनुसार बाइबलमा उल्लेखित वचनहरू सत्य भए तापनि परमेश्वरको सत्रुहरूले त्यसलाई बङ्ग्याउन सक्छन्।

बाइबलमा उल्लेखित वचनहरूलाई परमेश्वरको सुरुको मूल अभिप्रायअनुसार बुझ्नुपर्दछ। त्यसकारण, बाइबलका वचनहरूलाई यसरी व्याख्या गरिनुपर्छ:

- सुरुको मूल हिब्रू र ग्रीक शब्दहरूका अर्थअनुसार

- ऐतिहासिक उचित सन्दर्भअनुसार र
- सम्पूर्ण बाइबलको समष्टिगत शिक्षाअनुसार

दुष्टले जानीजानी ती नियमहरूलाई बेवास्ता गऱ्यो। झूटा शिक्षकहरूले पनि त्यसै गर्छन्। तिनीहरूले बाइबलमा विश्वास गरेझैँ गर्छन्, तर सीधा-साधा मानिसहरूलाई गलत बाटोतिर डोऱ्याउन तिनीहरूले आफ्नै किसिमले अर्थ लगाउँछन्।

येशूले दुष्टको अभिप्राय जान्नुभयो। उहाँले बाइबल खण्डको गलत प्रयोगलाई सही उद्धरणद्वारा सामना गर्नुभयो: "तैंले आफ्नो परमप्रभु परमेश्वरको परीक्षा नगर्नू" (व्यवस्था ६:१६)!

मत्ती ४:८-९
प्रश्न ८ - संसारका सबै राज्यहरू दुष्टको हो भन्ने भनाइ किन साँचो होइन?
टिप्पणी -

दुष्टले झूटो दाबी गऱ्यो। लूका ४:६ मा दुष्टले भन्यो, “म यो सारा अधिकार (संसारको राज्यहरू) र यिनको गौरव तपाईंलाई दिनेछु, किनभने यी सबै मलाई सुम्पिएका छन्, र म जसलाई इच्छा गर्दछु, त्यसलाई दिँदछु।” यहाँ प्रश्न के हो भने दुष्टले गरेको यो दाबी साँचो हो कि होइन। बाइबलको चार खण्डका भनाइहरूलाई आधार बनाएर मानिसहरूले यसको सकारात्मक उत्तर दिन्छन्:

- एफिसी २:२ (दुष्ट आकासको राज्यको शासक हो)
- एफसी ६:१२ (इसाईहरू यो अन्धकार संसारको शासकहरू, अधिकारहरू र शक्तिहरू अनि स्वर्गीय स्थानहरूमा भएका दुष्टको आत्मिक शक्तिको विरुद्धमा सङ्घर्ष गर्छन्)
- १ यूहन्ना ५:१९ (सम्पूर्ण संसार दुष्टको नियन्त्रणमा छ भनी इसाईहरूले जान्दछन्)
- लूका ४:६ (दुष्ट आफैले संसारको सारा राज्यहरूको स्वामित्वको हक र शासन आफूमा छ भनी बताउँछ)

लूका ४:६ मा उल्लेखित भनाइ येशू ख्रीष्टको होइन, तर त्यो दुष्टले नै भनेको हो! एफिसी २:२, एफिसी ६:१२ र १ यूहन्ना ५:१९ ले दुष्टले शासन गरेको संसारलाई मात्र बताउँछ, जहाँ भूतहरू र त्यसको सरकारहरूले नियन्त्र गरेको छ। तर ती खण्डहरूले ‘पृथ्वी, यसमा भएका हरेक थोक र यहाँ बस्ने सबैलाई’ बुझाउँदैन (भजन २४:१)। त्यसैगरी उक्त खण्डहरूले परमप्रभुले शासन गर्नुहुने स्वर्गहरू र पृथ्वीलाई पनि बुझाउँदैन (भजन १४६:६,१०)!

वास्तवमा त्यसको विपरीत कुरा सही हो। यस विषयमा बाइबलका यी खण्डहरूले हामीलाई स्पष्ट शिक्षा दिँदछ:
“पिताले सबै थोक येशू ख्रीष्टलाई सुम्पिदिनुभएको छ” (मत्ती ११:२७)।
“स्वर्ग र पृथ्वीको सबै अधिकार येशू ख्रीष्टलाई दिइएको छ” (मत्ती २८:१८)।
“जब उहाँले ख्रीष्टलाई मरेकाहरूबाट जीवित पार्नुभयो, अनि स्वर्गीय स्थानहरूमा आफ्नै दाहिने बाहुलीपट्टि बसाल्नुभयो। सबै शासन, र अधिकार, र शक्ति र राज्यमाथि, र यस युगका मात्र होइन, तर आउने युगका पनि जति नाउँ छन्, ती सबैमाथि उहाँलाई राख्नुभयो, र परमेश्वरले सबै कुरा उहाँका पाउमुनि राखिदिनुभयो” (एफिसी १:२०-२२)।
“उहाँ स्वर्गमा जानुभयो र स्वर्गदूतहरू, अधिकारहरू र शक्तिहरूलाई वशमा पारी परमेश्वरको दाहिने बाहुलीपट्टि विराजमान हुनुहुन्छ” (१ पत्रुस ३:२२)।

यहाँ हामी विश्वस्त हुनुपर्ने कुरा के हो भने जे कुरा दुष्टसँग छैन, त्यो त्यसले कुनै पनि हालतमा दिन सक्दैन!

इतिहासको सुरुदेखि नै दुष्ट हत्यारा, झूटा र सबै झूटको पिता हो भनी बाइबलले सिकाउँछ (यूहन्ना ८:४४)। त्यसकारण, लूका ४:६ मा उल्लेखित कुरा दुष्टको दुस्साहस र अहंकारपूर्ण झूटो दाबी हो! मानिसहरूले त्यसको झूटमा विश्वास गरी त्यसको शक्तिसँग डराओस भनी दुष्टले चाहन्छ!

बाइबलमा ‘संसार’ (Greek: kosmos) भन्ने शब्दको फरक-फरक अर्थहरू छन्। बाइबलको सन्दर्भले नै त्यसको साँचो अर्थ निर्धारण गर्छ।

- संसार भनेको व्यवस्थित ब्रह्माण्डजस्तै हो (यूहन्ना १:१०; यूहन्ना १७:५,२४), पृथ्वी (यूहन्ना २१:२५)।

- संसार भनेको मानव इतिहासको रङ्गमञ्चजस्तै हो। पृथ्वीका मानिसहरू, मानवजाति (यूहन्ना १:९; यूहन्ना ३:१९; यूहन्ना ९:३९; यूहन्ना ११:२७: यूहन्ना १२:४६; यूहन्ना १४:३१; यूहन्ना १६:२१,२८; यूहन्ना१७:१८; यूहन्ना १८:३६-३७; १ यूहन्ना ४:१,३; १ यूहन्ना ४:९)।
- संसार भनेको साधारण नागरिकजस्तै हो (यूहन्ना ७:४; यूहन्ना १४:२२)।
- संसार भनेको हराएका मानवजातिजस्तै हो: परमेश्वरबाट अलग भएका, पापको बोझले दबिएका, परमेश्वरको धार्मिक न्यायको भागिदार र मुक्तिको खाँचो भएका मानिसहरू (यूहन्ना ३:१९); निश्चित पृष्ठभूमिबिना (जाति, राष्ट्रियता, भाषाबिना) हराएका मानिसहरूको संसार (यूहन्ना १:२९; यूहन्ना ३:१६; यूहन्ना ३:१७; यूहन्ना ६:३३,५१; यूहन्ना ८:१२; यूहन्ना ९:५; यूहन्ना ११:५२; यूहन्ना १२:३२; १ यूहन्ना २:२; १ यूहन्ना ४:१४-१५) (यूहन्ना ४:४२ हेर्नुहोस्)। यसले दुष्टको अधिनमा रहेको संसारलाई बुझाउँदैन (यहाँभन्दा तल त्यसको व्याख्या गरिएको छ)। 'यो संसार' भन्ने वाक्यांशले मानव इतिहासमा अहिलेसम्म जिएका प्रत्येक मानिसलाई बुझाउँदैन! यसले आफू हराएको छु भनी महसुस नगर्ने मानिसहरूका संसारलाई बुझाउँछ: तिनीहरूले नयाँ जन्म पाउनुपर्छ भनी जान्दैनन्; तिनीहरूले येशू ख्रीष्ट पापीहरूका लागि मर्नुभयो र उहाँ मृत्युबाट बौरी उठ्नुभयो भनी जान्दैनन्; आफ्ना सबै पापहरू क्षमा हुन सक्छन् भन्ने कुरा तिनीहरूले अझै सुनेका छैनन्। छोटकरीमा भन्नुपर्दा, यस्तो संसार जलसाई मुक्तिदाताको खाँचो छ, तर अझै सुसमाचार सुन्ने मौका पाएको छैन।
- दुष्टको संसार : यूहन्ना ३:१९ मा उल्लेख गरिएझैँ हराएका मानवजातिको संसार तर त्यसमा थप विचार के छ भने तिनीहरू बाइबलको परमेश्वर, ख्रीष्ट र ख्रीष्टियानहरूसँग खुल्लारूपमा सत्रुता राख्ने र दुष्ट काम गर्ने मानिसहरू हुन् (यूहन्ना ७:७; यूहन्ना ८:२३: यूहन्ना १२:३१; यूहन्ना १४:१७,३०,३१; यूहन्ना १५:१८; यूहन्ना १७:९,१४-१६,२५; १ यूहन्ना ३:१,१३; १ यूहन्ना ४:४-५; १ यूहन्ना ५:४,५,१९)।

परमेश्वरले 'हराएका मानिसहरूको संसारलाई' अति प्रेम गर्नुभयो (यूहन्ना ३:१६ मा जस्तै), तर परमेश्वरले 'दुष्टको संसारलाई' प्रेम गर्नुहुन्न। आफूमा भएको दुष्टताले निरन्तर सत्यतालाई दबाउने मानिसहरूको संसारलाई परमेश्वरले प्रेम गर्नुहुन्न (रोमी १:१८), जसले परमेश्वरलाई घृणा गरिरहन्छन् (भजन ५:५-७; भजन ११:५) र जोहरू 'परमेश्वरका सत्रुहरू' हुन् (याकूब ४:४)। इसाईहरू 'परमेश्वरमा जन्म लिँदा', यो सारा संसार दुष्टको नियन्त्रणमुनि रहेको हुन्छ (१ यूहन्ना ५:१९)। तर दुष्टले नयाँ जन्म पाएको व्यक्तिलाई (इसाईलाई) छुन (पक्रन) सक्दैन, किनभने सर्धैंको निम्ति एकैपटक परमेश्वरको जन्म हुनुहुने येशू ख्रीष्टले उसलाई निरन्तर सुरक्षित राख्नुहुन्छ (१ यूहन्ना ५:१८ख)[4]।

- येशू ख्रीष्टद्वारा बचाइएको संसार (यूहन्ना ४:४२; १ यूहन्ना ४:१४); यस्तो संसार, जसको निम्ति येशू ख्रीष्ट पापको[5] प्रायश्चित गर्ने बलिदान हुनुभएको छ (१ यूहन्ना २:२: १ यूहन्ना ४:१० र यूहन्ना १०:११ सँग तुलना गर्नुहोस्)।

खराब संसार मात्र दुष्टको नियन्त्रणमुनि छ। प्रेरित यूहन्नाले सारा संसार दुष्टको नियन्त्रमुनि छ भनेको कुरालाई (१ यूहन्ना ५:१९), संसारको हरेक राष्ट्र र सबै मानिसहरू दुष्टको अधिनमा छन् भनी अर्थ लगाउनु हुँदैन। यहाँ उल्लेखित 'संसार' को अर्थ 'सृष्टि गरिएको सम्पूर्ण संसार' होइन, मानिसहरूको संसार होइन, अनि बचाइएका इसाईहरूको संसार पनि होइन, तर त्यसको अर्थ दुष्टको संसार, अझै पापको दासत्वमा रहेका गैर-इसाईहरूका संसार, ख्रीष्ट र ख्रीष्टियानहरूलाई सताउने सरकारहरूको संसार र दुष्ट र भूतहरूले शासन गर्ने संसार हो (कलस्सी १:१३क)।

दुष्टले नयाँ जन्म पाएका इसाईहरूलाई छुन (पक्रन) सक्दैन (१ यूहन्ना ५:१८)! परमेश्वरले आफ्नो सार्वभौम इच्छा र योजनामा अनुमति दिनुभएपछि मात्र दुष्टले इसाईहरूमा केही विशेष खराबी गर्न सक्छ (अय्यूब १:१२; १ कोरिन्थी ५:५)। दुष्टले इसाईहरूप्रति अग्निमय बाणहरू (प्रलोभनहरू, परीक्षाहरू) प्रहार गर्न सक्छ (एफिसी ६:१६)। तर नयाँ जन्म पाएका इसाईहरूले कहिल्यै दुष्ट आत्मा (भूत) लिन सक्दैनन् किनभने तिनीहरूसँग पहिले नै पवित्र आत्मा हुन्छ (१ यूहन्ना ४:४)। इसाईहरूमा जे हुन्छ, त्यसमा दुष्टको कुनै नियन्त्रण हुँदैन (रोमी ८:२८)!

सम्पूर्ण विश्व येशू ख्रीष्टकै हातमा छ।

- पुरानो करारको समयमा – अनन्तदेखि अनन्तसम्म सम्पूर्ण संसारको मालिक र सार्वभौम (सर्वोच्च) शासक परमेश्वर हुनुहुन्छ तर दुष्ट होइन (भजन २; भजन ९:७; भजन २९:१०; भजन ९३:१-२; भजन १४५:१३; भजन १४६:१०;

[4] ग्रीकमा १८ पदलाई पूर्ण र अपूर्ण वर्तमान कालमा लेखिएको छ।

[5] Greek: ἱλάσμος

यर्मिया ३२:१७,२७)। परमप्रभुको दूतले एकै रातमा दुष्टको सारा सेनालाई नास पारेको घटना यसको ऐतिहासिक उदाहरण हो (यशैया ३७:३६-३७)!

- येशू ख्रीष्ट पृथ्वीमा जिउनुभएको समयमा – येशू ख्रीष्ट पृथ्वीमा जिउनुहुँदा, परमेश्वर पिताले सबै थोक उहाँको अधिकारमुनि राखिसक्नुभएको छ भन्ने कुरा उहाँले पहिल्यै जान्नुहुन्थ्यो (यूहन्ना १३:३)। येशू ख्रीष्ट कहिले पनि 'पवित्र युद्धमा'[6] सहभागी हुनुभएन। पवित्र युद्धमा सहभागी हुने कुराको विरुद्धमा उहाँ बोल्नुभयो, "तिम्रो तरवार म्यानमा हाल, किनभने तरवार लिने सबै तरवारैले नष्ट हुनेछन्" (मत्ती २६:५२)। परमेश्वर पितालाई अनुरोध गर्ने शक्ति येशू ख्रीष्टसँग थियो ताकि उहाँले एकैपटक स्वर्गदूतहरूको बाह्र पल्टन पठाइदिनुहुन्थ्यो। तर ती दुष्ट मानिसहरूलाई नास गर्नको निम्ति आफ्नो शक्ति प्रयोग गर्न येशू ख्रीष्टले मान्नुभएन, किनभने उहाँले त्यतिबेला अति महान् उद्देश्य पूरा गर्नुपर्ने थियो, जुन व्यवस्था र अगमवक्ताहरूलाई (धर्मशास्त्रलाई) पूरा गर्दै मानिसहरूलाई अनन्तसम्मै बचाउनको लागि उहाँले आफ्नो जीवन दिँदैहुनुहुन्थ्यो (मत्ती २६:५३-५४; मत्ती ५:१७ सँग तुलना गर्नुहोस्)। जेजस्तो भए तापनि माथिबाट (स्वर्गीय परमेश्वरबाट) अनुमति नपाएसम्म कुनै दुष्ट व्यक्तिले कुनै पनि हालतमा ख्रीष्ट र ख्रीष्टियानहरूको विरुद्धमा शक्ति प्रयोग गर्न सक्दैन (यूहन्ना १९:११)।
- येशू ख्रीष्टको मृत्यु – येशू ख्रीष्टको पहिलो आगमनमा (उहाँको मृत्यु, पनरुत्थान, स्वर्गारोहण र सिंहासनमा विराजमान) दुष्ट र भूतहरू भएको त्यसको सेना पराजित भएको छन्। उक्त समयपछि स्वर्गमा परमेश्वरको सामुन्ने इसाईहरूलाई दोष लगाउने तिनीहरूको कुनै ठाउँ छैन (अय्यूब १:६; प्रकाश १२:७-१२)। पृथ्वीका गैर-इसाई राष्ट्रहरूमाथिको त्यसको शक्तिको अवस्था पनि फालिएको छ; तसर्थ, अब त्यसले तिनीहरूलाई पथभ्रष्ट पार्न सक्दैन, जसको मतलब अब त्यसले बाइबलको सन्देशलाई तिनीहरूबाट अलग गर्न सक्दैन (दानिएल १०:१३-१४; मत्ती १२:२८-३०; मत्ती २४:१४; १ यूहन्ना १२:३१-३२; प्रकाश २०:१-३)।
- येशू ख्रीष्टको पुनरुत्थान – येशू ख्रीष्ट मृत्यबाट पुनरुत्थान हुनुभइसकेपछि, स्वर्ग र पृथ्वीको सबै शक्ति येशू ख्रीष्टको भइसकेको छ (मत्ती २९:१८) अनि स्वर्गका सबै असल स्वर्गदूतहरू र पृथ्वीको दुष्ट शक्तिहरू (भूतहरू र विभिन्न राष्ट्रहरूको दुष्ट सरकारहरू) येशू ख्रीष्टको सार्वभौम (सर्वोच्च) शक्तिप्रति पूर्णरूपमा अधिनमा छन् (एफिसी १:२०-२२; १ पत्रुस ३:२२)! येशू ख्रीष्ट स्वर्गको सिंहासनमा विराजन हुनुभएपछि, स्वर्गमा दुबैपट्टि लेखिएका मुट्ठोहरूको मोहोर तोड्ने उहाँ मात्र हुनुहुन्छ र उहाँले मात्र पृथ्वीमा परमेश्वरको योजनालाई प्रकट गर्ने कामको निर्धारण गर्नुहुन्छ (प्रकाश ५:८-१४)! संसारका सबै राष्ट्रहरूका मानिसहरूलाई आफूतिर खिँच्ने पनि स्वयम् येशू ख्रीष्ट हुनुहुन्छ (यूहन्ना १२:३२)! दुष्टका शक्तिबाट स्वतन्त्र पारिएका सबै मानिसहरू भएको आफ्नो राज्यमा शासन गर्ने येशू ख्रीष्ट मात्र हुनुहुन्छ (कलस्सी १:१३)! त्यसैगरी येशू ख्रीष्टले मात्र 'दुष्टको संसारमाथि' सबैको निम्ति एकैपटक विजय हासिल गर्नुभएको छ र त्यसपछि उक्ति 'दुष्टको संसार'माथि उहाँ सदासर्वदा विजयी हुनुभएको छ (पूर्ण वर्तमान काल) (यूहन्ना १६:३३)! यद्यपि पृथ्वीका राजाहरू र सरकारहरूले उहाँलाई नचिने तापनि येशू ख्रीष्ट अब राजाहरूका राजा अनि प्रभुहरूका प्रभु हुनुहुन्छ (प्रकाश १:५,८; प्रकाश ३:२६-२७; प्रकाश ५:८-१४; प्रकाश ६:२; प्रकाश १२:१०-१२; प्रकाश १७:१४; प्रकाश १९:१६; प्रकाश २२:१३)! अब इसाईहरू येशू ख्रीष्टमा 'विजयीभन्दा बढी' भइसकेका छन् (यूहन्ना ८:३७) र तिनीहरूले येशू ख्रीष्टसँगै भएर पृथ्वीका हरेक राष्ट्रका मानिसहरूलाई ख्रीष्टको राज्यमा जम्मा गर्ने काम गर्दछन् (मत्ती १२:३०; मत्ती २८:१९: २ तिमोथी २:२५-२६)!

मत्ती ४:८-१०

प्रश्न ९ - दुष्टले येशू ख्रीष्टलाई गरेको तेस्रो परीक्षा के थियो?

टिप्पणी – परमेश्वरलाई नाघेर दुष्टलाई चुनोस् भन्ने हेतुले त्यसले येशूको परीक्षा गऱ्यो। तेस्रो परीक्षामा येशू ख्रीष्टलाई दुष्टमा भरोसा गर्न लगाउन त्यसले उहाँलाई प्रलोभनमा पार्ने कोसिस गऱ्यो। त्यो परीक्षा यो संसारको शक्ति र सम्पत्तिको क्षेत्रमा थियो। सायद दुष्टले दर्शनद्वारा येशूलाई संसारको सबै राज्यहरू र त्यसको सबै महिमा र वैभव देखायो होला। दुष्टले ती कुराहरू आफूलाई दिनेछ भनी येशू ख्रीष्टलाई विश्वास दिलाउन कोसिस गर्‌यो। परमेश्वरले अगमवाणी गर्नुभएअनुसार (भजन २:६-८; हिब्रू १:१-५) ख्रीष्टलाई संसारको मालिक बनाउन खोज्नुभएको कुरालाई येशू ख्रीष्टले छोटो बाटो अपनाउन लगाउनको निम्ति (संसारको पापहरूको निम्ति क्रूसमा नमरीकन अनि मृत्युबाट पुनरुत्थान नभईकन) दुष्टले येशू ख्रीष्टलाई प्रलोभन दिन चाहन्थ्यो। तर दुष्ट झूटो हो (यूहन्ना ८:४४) र त्यसले ज्योतिर्मय स्वर्गदूतको छद्मभेष धारण गर्छ (२ कोरिन्थी

[6] Arabic: jihad

११:१४)। आफू ज्योतिको सन्देशबाहक हुँ भनी मानिसहरूलाई विश्वास दिलाउन दुष्टले मुकुण्डो लगाउँछ (२ कोरिन्थी ११:१४)। दुष्टसँग पक्कै संसारको कुनै राज्यमाथि स्वामित्व र नियन्त्र छैन, किनभने बाइबलको परमेश्वरको प्रभुत्व भनेको अनन्तको राज्य हो (भजन २४:१,१०) अनि उहाँको राज्य र शासन सबै पुस्ताहरूमा रहिहन्छ (भजन १४५:१३)! उहाँले सदासर्वदा राज्य गर्नुहुन्छ (भजन १४६:१०)! आफूसँग नभएको थोक दुष्टले अरूलाई दिन सक्दैन! येशूले फेरि बाइबलमा उल्लेखित परमेश्वर सही वचन उद्धरण गर्नुभएर उक्त परीक्षामाथि विजयी हुनुभयो, "परमप्रभु तिमीहरूका परमेश्वरको (बाइबलको परमेश्वरको) आराधना गर्नू र उहाँको सेवा गर्नू (व्यवस्था ६:१३; प्रस्थान २०:३)! वास्तवमा अर्को देवताको अस्तित्व नै छैन (यशैया ४३:१०-११; यशैया ४५:५)!

अहिले पनि मन्दिरमा गई मूर्तिहरूसँग आफ्नो माग राखी सौदा-सम्झौता गर्ने मानिसहरू हामी देख्दछौँ; जस्तै: यदि देवताले मेरो इच्छा पूरा गरिदियो भने म त्यो देवतालाई केही दिनेछु भनी मानिसहरूले भाकल गर्छन्। त्यसैगरी विभिन्न धर्महरूका देवताहरूले तिनीहरूका अनुयायीहरूलाई झूटो प्रतिज्ञाहरू गर्छन्; जस्तै: यदि 'पवित्र युद्धमा' अथवा 'आतंकवादी आक्रमणमा' कुनै मानिस मऱ्यो भने, ऊ सीधै स्वर्गलोकमा पुग्नेछ! झूटो अगमवक्ताहरूले मात्र यस्ता प्रतिज्ञाहरू गर्दछन्। त्यसैगरी समाचारहरूमा, पुस्तकहरूमा, पत्र-पत्तिकाहरूमा अथवा रेडियो-टेलिभिजनले भनेका कुराहरूमा अथवा धार्मिक अगुवाहरूले पुल्पिटबाट घोषणा गरेका झूटा कुराहरू विश्वास गर्ने मानिसहरू पनि हामी देख्दछौँ। दुष्टले मानिसहरूलाई बाइबलमा आफूलाई प्रकट गर्नुहुने जीवित परमेश्वरको सट्टामा अरू नै कुरामा भरोसा दिलाउन निकै कोसिस गरिरहेको छ। दुष्टको वास्तविक चाहना भनेको मानिसहरूलाई जीवित परमेश्वरको सट्टामा त्यसको आराधना गर्न लगाउनु हो। मानिसहरूले बाइबलमा आफूलाई प्रकट गर्नुहुने परमेश्वरको मात्र आराधना गर्नपर्छ भनी येशूले भन्नुहुन्छ।

प्रश्न १० – के इसाईहरूले परीक्षाहरूमाथी विजय प्राप्त गर्न सक्छन्?

टिप्पणी - १ कोरिन्थी १०:१३ मा हामी पढ्छौँ, "मानिसलाई आइपर्ने परीक्षाबाहेक तिमीहरू अरू परीक्षामा (जाँचमा) परेका छैनौ। परमेश्वर विश्वासयोग्य हुनुहुन्छ। उहाँले तिमीहरूलाई तिमीहरूका शक्तिदेखि बाहिरका परीक्षामा पर्न दिनुहुनेछैन, तर परीक्षाको साथसाथै उम्कने बाटो पनि बनाइदिनुहुनेछ- यसरी तिमीहरू त्यसलाई खप्न सक्नेछौ।"

परमेश्वरले इसाईहरूप्रति आफ्नो विश्वासयोग्यता यसैमा देखाउनुहुन्छ, कि प्रत्येक इसाईले सहन सक्ने परीक्षा अथवा जाँचभन्दा ठूलो कुरा उहाँले तिनीहरूमा आउन दिनुहुन्न! अनि हरेक इसाईले आफ्नो जीवनमा आउने हरेक परीक्षा अथवा जाँचबाट उम्कने बाटो पनि उपलब्ध गराइदिनुहुन्छ! हिब्रू २:१८ ले भन्दछ, "किनकि उहाँ आफैले कष्ट भोग्नुभयो र परीक्षित हुनुभयो, यसैले परीक्षामा पर्नेहरूलाई उहाँले सहायता गर्न सक्नुहुन्छ।" त्यसकारण, यदि इसाईहरूले चाहे भने परीक्षाहरू र जाँचहरूमा तिनीहरूले विजय पाउन सक्छन्!

चरण ४ - लागू गर्नु **प्रयोगहरू**

ध्यान दिनुहोस् - यो खण्डमा भएका कुन सत्यताहरूलाई इसाईहरूको जीवनमा प्रयोग गर्न सम्भावना छ?
सिकेको कुरा बाँड्नुहोस् र लेख्नुहोस् - एकले अर्को व्यक्तिलाई दिमाग खियाउन लगाऔँ र मत्ती ४:१-११ बाट सम्भावित प्रयोगहरूको सूची बनाउनुहोस्।
ध्यान दिनुहोस् - यहाँ भएका प्रयोगहरूमध्ये कुन प्रयोग परमेश्वरले तपाईंको लागि व्यक्तिगत प्रयोग बनाउन चाहनुहुन्छ?
लेख्नुहोस् - उक्त व्यक्तिगत प्रयोगलाई नोटबुकमा लेख्नुहोस्। आफ्नो व्यक्तिगत प्रयोगलाई स्वतन्त्रसाथ समूहमा बाँड्नुहोस्। (हरेक समूहका मानिसहरूले फरक-फरक सत्यताहरू पत्ता लगाउनेछन् अथवा तिनीहरूले उही सत्यताबाट फरक-फरक प्रयोगहरू बनाउन सक्छन् भन्ने कुरा याद गर्नुहोस्। केही सम्भावित प्रयोगहरूका सूची यहाँ राखिएको छ।)

मत्ती ४:१-११ बाट निकालिएका केही सम्भावित अनुप्रयोगहरू:

४:१ चरित्रको तालिम - इसाईको जाँच लिनको निम्ति (याकूब १:१२) परमेश्वरले उसलाई पापबाट परीक्षित हुने अवस्थामा (अथवा केही कठिन परिस्थितिहरूमा) ल्याउन सक्नुहुन्छ। तथापि, परमेश्वरले दुष्ट कुराहरू गर्न लगाएर उसको परीक्षा गर्नुहुन्न (याकूब १:१३) अनि ऊ पापमा पतन भएको परमेश्वर चाहनुहुन्न। तर परमेश्वरले उसको जाँच लिन चाहनुहुन्छ (याकूब १:१२) र उसलाई परमेश्वरमाथि भर पर्न सिकाउन चाहनुहुन्छ अनि परीक्षाबाट उम्कने बाटोको निम्ति परमेश्वरको विश्वासयोग्यतामा भरोसा गर्न लगाउनुहुन्छ (१ कोरिन्थी १०:१३)। परीक्षामा विजय हुनुले चरित्रलाई तालिम दिन्छ (सहनशीलता र धैर्यता) (याकूब १:२-४; रोमी ५:३-५); र यसले परीक्षा गर्ने

शैतानको सामु परमेश्वरमा महिमा ल्याउँछ (अय्यूब १:२१-२२): र ख्रीष्टलाई स्वर्गदूतहरूले सेवा गर्दछन् (मत्ती ४:१०)।

४:२ उपवास बस्नु अथवा आफैलाई इन्कार गर्ने कुराहरू - यद्यपि येशूले ४० दिन उपवास बस्नुभए तापनि इसाईहरूले उपवास बस्नैपर्छ भनी बाइबलमा कहीँ पनि माग गरिएको छैन। यदि कुनै इसाई उपवास बस्न चाहन्छ भने उसले त्यो काम यशैया ५८:६-१२ को तरिकाले र गुप्तमा बस्नुपर्छ (मत्ती ६:१६-१८)। तर उसले अरू इसाईहरूलाई उपवास बस्न जबरजस्ती गर्नुहुँदैन, किनभने प्रायश्चितको दिनको उपवासलाई येशू ख्रीष्टले पूरा गरिसक्नुभएको छ (मत्ती ५:१७), रद्द गरिसक्नुभएको छ (कलस्सी २:१४,१६-१८) र खारेज गरिसक्नुभएको छ (एफिसी २:१४-१५)।

४:३ इसाईहरू परीक्षाहरूप्रति लक्षित छन्। दुष्टले विशेषगरी इसाईहरूलाई परीक्षा गर्छ, किनभने तिनीहरू त्यसको नियन्त्रणमा छैनन् (कलस्सी १:१३; याकूब ४:७; १ पत्रुस ५:८-९)!

४:४ बाइबलबाट जिउनुहोस्। एकजना चीनिया इसाईले महत्वपूर्ण निर्णय गऱ्यो: "बाइबल छैन भने ब्रेकफास्ट पनि छैन!" हरेक बिहान पहिले उसले बाइबलका वचनहरूमा मनन गर्थ्यो र त्यसपछि मात्र ब्रेकफास्ट खान्थ्यो।

४:५ दुष्टले तपाईंलाई पापमा पारेर परीक्षा गर्न कोसिस गर्नेछ भनी याद गर्नुहोस्। त्यसले त्यो काम तपाईंको मण्डलीमा र इसाईहरू भेटघाट गर्ने अरू ठाउँहरूमा गर्नेछ! त्यसलाई मौका नदिनुहोस्!

४:६ बाइबलबाट गलत उद्धरण गर्ने मानिसहरूद्वारा इसाईहरू गलत मार्गमा जान सक्छन्! बाइबललाई झूटो तरिकाले प्रयोग गरी आफ्नै उद्देश्यहरू प्राप्त गर्न चाहने झूटा अगमवक्ताहरू र झूटा शिक्षकहरूदेखि सतर्क र सचेत रहनुहोस् (२ कोरिन्थी ४:२)। सत्यको वचनलाई सही किसिमले चलाउन सिक्नुहोस् (२ तिमोथी २:१५)!

४:७ आत्माको तरवार प्रयोग गर्नुहोस्। परीक्षाहरूको सामना गर्न येशूले मत्ती ४:१-११ मा येशूले गर्नुभएझैँ बाइबल पदहरूको उचित प्रयोग गर्नुहोस् (एफिसी ६:१७; भजन ११९:९,११)।

४:८ परीक्षा हुन सक्ने स्थानहरूबाट अलग रहनुहोस्। दुष्टले तपाईंलाई परीक्षाहरू (प्रलोभनहरू) सहज भएका स्थानहरूतिर डोऱ्याउनेछ।

४:९-१० परीक्षाहरूको उद्देश्य - परीक्षाहरू (प्रलोभनहरू) तपाईंलाई येशू ख्रीष्टबाट टाढा लानको निम्ति निर्माण गरिएका छन्। परीक्षाको अभिप्रायद्वारा हेर्नुहोस् र त्यसलाई ख्रीष्टको गवाही दिने अवसरमा बदल्नुहोस्, "परमप्रभु आफ्नो परमेश्वरको आराधना गर र उहाँको मात्र सेवा गर्नू!"

४:११ परीक्षाहरू अस्थायी हुन्। "दियाबलसले उहाँलाई सबै परीक्षा गरिसकेपछि अनुकूल समय नभएसम्म उहाँलाई छोड़ेर गयो" (लूका ४:१३)। तपाईं निरन्तर परीक्षा पर्नुहुनेछैन भन्ने कुरा याद गर्नुहोस्। तर यस कुरामा सचेत रहनुहोस्, कि दुष्ट फेरि फर्केर आई तपाईंलाई परीक्षामा पार्न कोसिस गर्नेछ!

मत्ती ४:१-११ बाट निकालिएका केही व्यक्तिगत अनुप्रयोगका उदाहरणहरू:

जब-जब म परीक्षामा पर्छु, तब-तब म बाइबल प्रयोग गर्न सुरु गर्न चाहन्छु। बाइबलमा परमेश्वरको उत्तरहरूद्वारा म दुष्टको परीक्षाहरूमा उत्तर दिन सिक्न चाहन्छु। त्यसकारण, म हरेक दिन बाइबल पढ्नेछु, ताकि मैले निकै राम्रोसँग बाइबल जान्नेछु र दुष्टले मेरो परीक्षा गर्न खोज्दा, म त्यसलाई उत्तर दिन सक्षम हुन सक्नेछु।

म यो कुरामा अति सचेत भएको छु, कि दुष्ट्ले गलत काम गर्न लगाएर मेरो परीक्षा गर्दा, त्यसको साँचो अभिप्राय भनेको परमेश्वरसँगको मेरो सम्बन्ध नास पार्नु हो। त्यसको परीक्षाको अभिप्राय भनेको मलाई परमेश्वरमाथि भरोसा नगर्ने बनाउनु हो, अथवा परमेश्वरमाथि गलत भरोसा गर्न लगाउनु हो अथवा परमेश्वरको सट्टामा दुष्टमाथि भरोसा गर्ने तुल्याउनु हो। त्यसकारण, मैले त्यसको कडा विरोध गर्नैपर्छ, किनभने त्यो मेरो मात्र सत्रु होइन, तर त्यो परमेश्वरको पनि सत्रु हो!

चरण : ५ - प्रार्थना **प्रतिक्रिया**

मत्ती ४:१-११ मा परमेश्वरले सिकाउनुभएको एउटा सत्यताको लागि हामी सबै पालैपालो प्रार्थना गरौँ।
(यो बाइबल अध्ययनमा तपाईंले के सिक्नुभएको छ भनी तपाईंको प्रार्थनामा परमेश्वरलाई प्रतिक्रिया दिनुहोस्। प्रार्थना एक वा दुई वाक्यहरूमा मात्र गर्ने अभ्यास गर्नुहोस्। हरेक समूहका मानिसहरूले फरक-फरक विषयहरूका बारेमा प्रार्थना गर्नेछन् भन्ने कुरा याद गर्नुहोस्।

५	**प्रार्थना** (८ मिनेट)	**अन्तरबिन्ती प्रार्थना** **अरूहरूको लागि प्रार्थना गर्नुहोस्**

दुई-तीन जनाको समूहमा बसेर प्रार्थना गर्नुहोस्। एकले अर्काको निम्ति र संसारका मानिसहरूका निम्ति प्रार्थना गर्नुहोस्। (रोमी १५:३०; कलस्सी ४:१२)।

६	**गृहकार्यको तयारी** (२ मिनेट) **अर्को पाठको निम्ति**

(समूहको अगुवा - समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेखेको कागज दिनुहोस् अथवा उनीहरूलाई यो लेख्न लगाउनुहोस्।)

१. प्रतिवद्धता - चेलाहरू बनाउने काममा प्रतिवद्ध हुनुहोस्।
अर्को व्यक्तिसँग अथवा मानिसहरूको समूहमा मत्ती ४:१-११ बाट प्रचार गर्नुहोस्, सिकाउनुहोस् अथवा बाइबल अध्ययन गर्नुहोस्।
२. परमेश्वरसँग व्यक्तिगत समय - २ शमूएल १५,१७,१८ र २२ अध्यायबाट प्रत्येक दिन परमेश्वरसँग व्यक्तिगत समय बिताउनुहोस्। मन पर्ने सत्यता पत्ता लगाउने विधि प्रयोग गर्नुहोस्। टिप्पणी बनाउनुहोस्।
३. पद कण्ठ गर्नुहोस् - (२) इन्कार - लूका ९:२३
आफूले कण्ठ गरेका पाँच बाइबल पदहरू दैनिक पुनरवलोकन गर्नुहोस्।
४. प्रार्थना - कुनै व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्नुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।
५. चेलाहरू बनाउने तपाईंको नोटबुक अद्यावधिक बनाउनुहोस्- तपाईंको नोटबुकमा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा पाएका कुराहरू, बाइबल पद कण्ठ गरेको कुराहरू, बाइबल अध्ययन गर्दको कुराहरू र यो तयारीको कुराहरू लेख्नुहोस्।